स्थानीय सरकार

बागमती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

☎ ९८५५०७२०७२
☎ ९८४११६२७७२

पत्र सङ्ख्या: २०८२/०८३
च.नं.: १६३५

मितिः २०८२/१२/१२
ने.सं. ११४६ चौलाथ्व अष्टमी

विषयः **रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

**श्री यो जो जससँग सम्बन्धित छ।**

प्रस्तुत विषयमा मकवानपुर जिल्ला बागमती गाउँपालिका, वडा नं. ०२, डोटे स्थित श्री बुद्धिसिद्धि आधारभूत विद्यालयमा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनि विद्यालयको च.नं. ३४, मिति २०८२/१२/०५ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र जिल्लान्तर सरुवाको हकमा शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्वन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्चः**

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना shreebuddhisidhischool@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

(ओम बहादुर दर्जी)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, मकवानपुर, हेटौंडा।
श्री बुद्धिसिद्धि आधारभूत विद्यालय, बागमती-०२, डोटे, मकवानपुर।
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर।